नेपाल सरकार

ऊर्जा मन्त्रालय

# विद्युत विकास विभाग

## विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त प्रबर्द्धकहरूलाई जरूरी सूचना

जलविद्युत आयोजनाहरूको सर्वेक्षण तथा सम्भाव्यता अध्ययनको गुणस्तर कायम गर्ने हेतुले Guidelines for Study of Hydropower Projects (December 2003) जारी गरिए पश्चात सर्वेक्षण अनुमतिपत्रहरूको शर्तमा सो Guidelines बमोजिम अध्ययन कार्य सम्पन्न गर्नुपर्ने प्रावधान राखिंदै आएको छ । हाल थुप्रै आयोजनाका प्रबर्द्धकहरूले महत्वपूर्ण एवं आधारभूत सर्वेक्षण कार्यहरू अनुमतिपत्र बहाल रहेको अवधिभित्रै नगरी Detailed Design वा DPR को चरणमा गरिने भनी यस विभागमा प्रतिक्रिया दिने गरेको पाइएको छ । यसरी स्वीकृत Guidelines बमोजिम हुने गरी सर्वेक्षण/सम्भाव्यता अध्ययनका कार्यहरू अनुमतिपत्र बहाल रहेको अवधिभित्रै गर्ने तर्फ तत्पर नदेखिएको अवस्थामा अनुमतिपत्र नवीकरण लगायतका काम कारवाहीमा बाधा पुग्न जाने हुंदा उक्त Guidelines लाई आधार मानी सम्भाव्यता अध्ययन कार्य सम्पन्न गर्ने तर्फ बेलैमा सचेत रहन सम्बन्धित सबैलाई सूचित गरिएको छ । उक्त Guidelines हाल विभागको वेबसाईट www.doed.gov.np बाट प्राप्त गर्न सकिन्छ । स्वीकृत Guidelines बमोजिम सम्भाव्यता अध्ययन सम्पन्न नगरेको अवस्थामा अनुमतिपत्र हस्तान्तरणको कारवाही अघि बढाउन नसकिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।